# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)

थर्पु, पाँचथर
कोशी प्रदेश नेपाल


सूचना नं. . :- ८१

मिति:- २०८१/११/०१
नेपाल संवत्: ११४५ सिल्लागा,प्रतिपदा, बिहीबार

सूचना । सूचना ।। सूचना ।।।

## आ.व. २०८२/८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८ सहित) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आ.व. २०८२/८३ मा याङवरक गाँउपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणमा योगदान गर्न ईच्छुक (१८-५९ उमेर समुहका) सामाजिक र आर्थिक अवस्थाबाट वञ्चित महिला, दलित, आदिवासी जनजाति, सिमान्तकृत समुदाय तथा विपन्न बेरोजगार ब्यक्तिहरुले आफु स्थायी बसोबास गरीरहेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८ सहित) को अनुसूचि १ बमोजिमको ढाँचामा **२०८१ साल फागुन १ गते देखि २०८१ साल फागुन २९** गते सम्ममा फारम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

- नागरिकताको प्रतिलिपी-१ प्रति
- पासपोर्ट साइजको फोटो-१ प्रति
- परिवारका (१८-५९ उमेर समुहका) सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी-१/१ प्रति
- नागरिकतामा भन्दा फरक ठेगाना भएमा विवाह दर्ता वा बँसाइसराइको प्रतिलिप-१ प्रति
- निवेदकको बैक खाता सम्बन्धी विवरण
- निवेदक बैदेशिक रोजगारीबाट फर्केको वा श्रम स्वीकृति लिइ बैदेशिक रोजगारीमा जान नपाएको ब्यक्ति भए सो पुष्टि गर्ने प्रमाणको प्रतिलिप-१/१ प्रति
- निवेदक बेरोजगार भएमा निवेदन दिँदाको मितिसम्म न्यूनतम एकसय दिनको रोजगारमा संलग्न नभएको हुनुपर्नेछ । साथै स्वरोजारमा संलग्न ब्यक्तिको हकमा न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको हुनुपर्नेछ ।
- अपूर्ण निवेदन स्वत: निष्कृय हुनेछ ।

(**नोट :**आवेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट **www.pmep.gov.np** बाट पनि प्राप्त गर्न सकिनेछ ।

**पुनश्च:** चालु आ.व.मा सूचिकृत भइ न्यूनतम रोजगारीमा संलग्न नभएका ब्यक्तिहरुले पुन: सूचिकृत हुनको लागि अनिवार्य रुपमा माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा सम्पर्क गरि फारम भर्नुपर्नेछ ।
थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

(मदन केसी)
नि. प्रमुख प्रशासकिय अधिकृत



फोन नं. ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९
Email: yangwarakruralmun@gmail.com Website : www.yangwarakmun.gov.np

CamScanner